नेपाल सरकार
उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**वाणिज्य ,आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग**
(प्रशासन,योजना तथा नीति विश्लेषण शाखा)
बबरमहल, काठमाडौं

फोन नं. : +९७७-१-४२४७९१२
४२४७९१३
फ्याक्स नं. : +९७७-१-४२४९६०
(कृपया पत्रोत्तरमा पत्र संख्या तथा मि
अवश्य लेख्नुहोला)

वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी कानूनी व्यवस्था र कार्यान्वयनका बारेमा सरोकारवालाहरुको जानकारीका निमित्त जारी

# प्रेस विज्ञप्ती

अन्तराष्ट्रिय स्तरमा सन् १८८३ देखि प्रचलनमा रहेको वस्तुको प्रत्यक्ष बिक्री प्रणालीको अवधारणा नेपालको सन्दर्भमा भने नयाँ व्यापारिक अभ्यास हो । नयाँ अभ्यास भएको हुनाले यसको बुझाई र व्याख्यामा सरोकारवालाहरुवीच फरक फरक धारणा व्यक्त हुनु स्वभाविक नै हो । सम्मानित न्यायालयबाट समेत उपभोक्ता हकहित प्रतिकूल पुष्टि भइसकेको पिरामिड शैलीको नेटवर्किङ्ग कारोवारसँग तुलना गर्ने गरेबाट प्रत्यक्ष बिक्रीका राम्रा गुणहरु ओझेलमा पर्ने खतरा पनि हुन्छ । वस्तुको उत्पादकदेखि उपभोक्तासम्म इजाजत प्राप्त कम्पनी र बिक्रेता/वितरक मात्रको बढीमा २ तह हुनु यस प्रणालीको राम्रो गुण हो ।कमिसन बाँडफाँड र वस्तुको विज्ञापन खर्चमा हुने लागत घटाएर त्यसको लाभ उपभोक्ताले प्राप्त गर्ने यस व्यापार प्रणालीको अर्को राम्रो गुण हो । वहुतहयुक्त व्यापार (Multilevel Marketing, MLM) लाई गैरकानूनी मानेको र कम्पनीले नियुक्त गर्ने विक्रेता र उपभोक्तावीच तह नरहने परिकल्पना कानूनले गरेको छ । बिक्री मूल्यको निश्चित प्रतिशत भन्दा बढी रकम कमिसन वापत बाँडफाँड गर्न नपाइने कानूनी व्यवस्थाका कारण अनुचित फाइदा लिने र विचौलियाहरुको चलखेलका कारण वस्तुको मूल्यमा हुनसक्ने वृद्धि स्वतः नियन्त्रण हुनजान्छ। साथै उपभोक्ताहरुलाई घनिभूत प्रत्यक्ष पैरवीको आवश्यकता पर्ने विशिष्ट गुण भएका र उच्च मूल्यका (Specific Quality High Value) वस्तुहरु यस प्रणालीको व्यापारका लागि ग्राह्य मानिन्छन् ।

प्रत्यक्ष बिक्री सम्बन्धी व्यापार/व्यवसाय सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धमा विभिन्न मुलुकमा फरक फरक प्रचलन एवं कानूनी व्यवस्था रहेको छ । यो कुराको पुष्ट्याईं वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ तर्जुमाको आधारशिलाका रुपमा रहेको सम्मानित सर्वोच्च अदालतको २०६८ चैत्र १५ को फैसलाको पूर्णपाठमा पनि उल्लेख गरिएकोछ । फैसलाको पूर्णपाठ नेपाल कानून पत्रिका २०६९, अंक ५, निर्णय नं ८८३४ मा उपलब्ध छ । नेपालको सामाजिक, आर्थिक अवस्था एवं उपभोक्ताको चेतनास्तर समेतलाई मध्यनजर गरी विविध मोडल मध्ये पिरामिडरहीत प्रत्यक्ष बिक्री सम्वन्धी व्यवसायिक प्रणाली संचालन गर्न पाउने प्रावधान भएकोऐन तर्जुमा भएको हो । यस कानूनले कम्पनीले नियुक्त गरेको विक्रेताले आफू मातहत अर्को विक्रेता/सदस्यता बनाउने खालको नेटवर्कजन्य क्रियाकलापलाई पूर्णरुपमा निषेध गरेको छ ।

महानिर्देशक

c:\users\stor\desktop\letter new.docx